वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

भाग २, खण्ड ९, संख्या ७, मिति २०८३/०५/२२

## वीरेन्द्रनगर नगरपालिकाको अक्सिजन प्लान्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची-८ मा उल्लिखित स्थानीय तहको एकल अधिकार सूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य सेवाको सहज, गुणस्तरीय र भरपर्दो व्यवस्थापन गर्न;

वीरेन्द्रनगर नगरपालिकाको अक्सिजन प्लान्टलाई नगरपालिकाको प्रत्यक्ष स्वामित्व, सञ्चालन तथा व्यवस्थापनमा ल्याई वीरेन्द्रनगर नगर अस्पताल तथा मातहतका स्वास्थ्य संस्थाहरूमा चौबीसै घण्टा गुणस्तरीय मेडिकल अक्सिजनको निर्वाध आपूर्ति सुनिश्चित गर्न;

नगर अस्पतालको आन्तरिक आवश्यकता परिपूर्ति भई बचत हुन आउने मेडिकल अक्सिजनलाई व्यावसायिक तथा व्यवस्थित रूपमा कर्णाली प्रदेश अस्पताल लगायत अन्य सरकारी अस्पतालहरू (Government to Government - G2G) तथा निजी अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक तथा सेवाग्राहीहरू (Government to Private - G2P) लाई सुलभ तथा प्रतिस्पर्धी मूल्यमा बिक्री वितरण गरी नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न;

अक्सिजन प्लान्टको नियमित तथा आकस्मिक मर्मत सम्भार (Preventive & Breakdown Maintenance), प्राविधिक तथा सहयोगी कर्मचारीको परिचालन, सुरक्षित सिलिन्डर ढुवानी तथा वितरण प्रणाली, बजार मूल्य अनुसारको सिलिन्डर धरौटी व्यवस्थापन एवं गुणस्तर र सुरक्षा मापदण्डलाई पारदर्शी, सुरक्षित, दिगो र भरपर्दो बनाई नगरपालिका आफैले प्रत्यक्ष सञ्चालन गर्न वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

## परिच्छेद-१ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "वीरेन्द्रनगर नगरपालिकाको अक्सिजन प्लान्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि वीरेन्द्रनगर नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त लागू हुने छ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा देहाय बमोजिम अर्थ लाग्नेछ :-

(क) "अक्सिजन प्लान्ट" भन्नाले वीरेन्द्रनगर नगर अस्पतालको हाताभित्र अवस्थित वीरेन्द्रनगर नगरपालिकाको प्रत्यक्ष स्वामित्व, सञ्चालन र व्यवस्थापनमा रहेको मेडिकल अक्सिजन उत्पादन प्लान्ट (PSA Medical Oxygen Generation Plant) तथा सिलिन्डर रिफिलिङ स्टेशन सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "जि टु जि (G2G) आपूर्ति" भन्नाले कर्णाली प्रदेश अस्पताल, जिल्ला अस्पतालहरू, छिमेकी स्थानीय तह मातहतका अस्पताल तथा अन्य सरकारी स्वास्थ्य संस्था वा सार्वजनिक निकायहरूलाई सम्झौता बमोजिम गरिने अक्सिजन आपूर्तिलाई सम्झनुपर्छ।

(ङ) "जि टु पि (G2P) बिक्री" भन्नाले निजी अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, उद्योग, व्यक्तिगत बिरामी वा अन्य गैर-सरकारी उपभोक्तालाई गरिने अक्सिजन सिलिन्डर बिक्री वितरणलाई सम्झनुपर्छ।

(च) "नगर अस्पताल" भन्नाले वीरेन्द्रनगर नगरपालिका अन्तर्गत सञ्चालित महिला तथा बालबालिका नगर अस्पताल वा नगरपालिका मातहतको आधारभूत अस्पताललाई सम्झनुपर्छ।

(छ) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनुपर्छ।

(ज) "प्लान्ट इन्चार्ज" भन्नाले अक्सिजन प्लान्टको प्रशासनिक तथा प्राविधिक दैनिक कार्य सञ्चालन गर्ने अस्पताल संयोजकलाई सम्झनुपर्छ।

(झ) "मर्मत सम्भार कोष" भन्नाले दफा १६ बमोजिम प्लान्टको नियमित, आवधिक तथा आकस्मिक मर्मतका लागि खडा गरिएको समर्पित कोष सम्झनुपर्छ।

(ञ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित "अक्सिजन प्लान्ट सञ्चालन तथा व्यवस्थापन समिति" सम्झनुपर्छ।

(ट) "सिलिन्डर" भन्नाले मेडिकल अक्सिजन ग्यास भण्डारण तथा ढुवानी गर्न नेपाल गुणस्तर वा अन्तर्राष्ट्रिय मापदण्ड प्राप्त सुरक्षित उच्च चापीय ग्यास सिलिन्डर सम्झनुपर्छ।

## परिच्छेद-२ : अक्सिजन प्लान्टको स्वामित्व, सञ्चालन मोडेल र प्राथमिकता

**३. प्लान्टको स्वामित्व र सञ्चालनको ढाँचा :**

(१) अक्सिजन प्लान्ट, सोसँग सम्बन्धित सम्पूर्ण भवन, कम्पाउण्ड, मेसिनरी उपकरण, पाइपलाइन, सिलिन्डर तथा भौतिक पूर्वाधार नगरपालिकाको प्रत्यक्ष स्वामित्व र संरक्षणमा रहनेछ।

(२) अक्सिजन प्लान्टको सञ्चालन, उत्पादन, मर्मत सम्भार, ढुवानी, बिक्री वितरण तथा समग्र व्यवस्थापकीय कार्य नगरपालिकाले आफ्नै प्रत्यक्ष व्यवस्थापन (Departmental/Direct Municipal Operation) मा गर्नेछ।

**४. अक्सिजन उत्पादन तथा आपूर्ति प्राथमिकता क्रम :**

प्लान्टबाट उत्पादित अक्सिजनको वितरण गर्दा देहायको प्राथमिकता क्रम निर्धारण गरिनेछ :

(क) प्रथम प्राथमिकता : वीरेन्द्रनगर नगर अस्पतालको आकस्मिक कक्ष, वार्ड तथा नगरपालिकाका एम्बुलेन्स सेवाहरूका लागि आवश्यक पर्ने सम्पूर्ण अक्सिजन चौबीसै घण्टा निःशुल्क वा आन्तरिक लागत समायोजनमा पूर्ण परिपूर्ति गर्ने।

(ख) दोस्रो प्राथमिकता (G2G) : नगर अस्पतालको आवश्यकता पूर्ति भएपश्चात् बचत भएको अक्सिजन कर्णाली प्रदेश अस्पताल सुर्खेत, जिल्ला अस्पतालहरू, छिमेकी स्थानीय तहका अस्पतालहरू तथा अन्य सरकारी स्वास्थ्य संस्थाहरूलाई सम्झौता बमोजिम नियमित आपूर्ति गर्ने।

(ग) तेस्रो प्राथमिकता (G2P) : नगर अस्पताल तथा सरकारी अस्पतालहरूको माग सुरक्षित गरी बाँकी रहने मौज्दात अक्सिजन वीरेन्द्रनगर उपत्यका तथा आसपासमा सञ्चालित निजी अस्पताल, मेडिकल कलेज, पोलिक्लिनिक, नर्सिङ होम तथा गृह उपचारका बिरामीहरूलाई व्यावसायिक रूपमा बिक्री वितरण गर्ने।

(घ) चौथो प्राथमिकता : प्राकृतिक विपद्, महामारी वा विशेष स्वास्थ्य संकटकालको अवस्थामा कार्यपालिका वा नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार प्राथमिकता फेरबदल गरी शतप्रतिशत अक्सिजन जीवन रक्षाका लागि परिचालन गरिनेछ।

## परिच्छेद-३ : सञ्चालन तथा व्यवस्थापन समिति

**५. सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

अक्सिजन प्लान्टको नीतिगत मार्गदर्शन, दररेट पुनरावलोकन सिफारिस, बजेट व्यवस्थापन, अनुगमन तथा समग्र सञ्चालनको सुपरीवेक्षणका लागि देहाय बमोजिमको एक पूर्ण नगरपालिकास्तरीय समिति रहनेछ :

| क्र.सं. | पद / निकाय | समितिमा पद |
|---|---|---|
| १ | नगर प्रमुख, वीरेन्द्रनगर नगरपालिका | अध्यक्ष |
| २ | नगर उप-प्रमुख, वीरेन्द्रनगर नगरपालिका | उपाध्यक्ष |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, वीरेन्द्रनगर नगरपालिका | सदस्य |
| ४ | प्रमुख, जनस्वास्थ्य/स्वास्थ्य शाखा, नगरपालिका | सदस्य |
| ५ | अस्पताल संयोजक | सदस्य-सचिव |

स्पष्टीकरण : समितिले आवश्यक ठानेमा नगर कार्यपालिकाका अन्य विषयगत समिति संयोजक वा सम्बन्धित प्राविधिक विज्ञलाई बैठकमा आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सक्नेछ।

**६. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अक्सिजन प्लान्टको उत्पादन, मर्मत सम्भार, ढुवानी र वितरण सम्बन्धी वार्षिक कार्ययोजना र बजेट स्वीकृत गर्ने।

(ख) G2G तथा G2P बिक्रीका लागि अक्सिजन ग्यास, सिलिन्डर धरौटी तथा ढुवानी महसुलको दररेट बजार विश्लेषण गरी कार्यपालिका समक्ष स्वीकृतिको लागि सिफारिस गर्ने।

(ग) प्लान्टको प्राविधिक स्तरोन्नति, नयाँ सिलिन्डर खरिद, तथा मेसिनरी मर्मत सम्बन्धी आवश्यक प्रस्ताव कार्यपालिकामा पेश गर्ने।

(घ) वार्षिक मर्मत सम्झौता तथा आकस्मिक मर्मतका लागि आवश्यक नीतिगत र वित्तीय निर्णय गर्ने।

(ङ) प्लान्टमा कार्यरत प्राविधिक तथा सहयोगी कर्मचारीको कार्य सम्पादन, प्रोत्साहन, जोखिम भत्ता तथा सुरक्षा प्रबन्धको समीक्षा गर्ने।

(च) अक्सिजनको गुणस्तर, दैनिक उत्पादन परिमाण र सुरक्षा मापदण्डको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

**७. समितिको बैठक सम्बन्धी व्यवस्था :**

(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ। तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बखत आकस्मिक बैठक बोलाउन सक्नेछ।

(२) समितिका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र निर्णय पुस्तिकामा सदस्य-सचिवले अभिलेख राखी प्रमाणित गराउनुपर्ने छ।

## परिच्छेद-४ : जनशक्ति (कर्मचारी) व्यवस्थापन, परिचालन तथा सेवा शर्त

८. **आवश्यक जनशक्ति तथा दरबन्दी संरचना :**

(१) अक्सिजन प्लान्टलाई चौबीसै घण्टा (२४/७) निरन्तर, सुरक्षित र व्यावसायिक रूपमा सञ्चालन गर्न देहाय बमोजिमको प्राविधिक तथा सहयोगी जनशक्ति रहनेछ :

| क्र.सं. | पद | श्रेणी/तह | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | प्लान्ट अपरेटर | सहायक स्तर | २ | प्राविधिक एसईई/ टीएसएलसी (इलेक्ट्रिकल/मेकानिकल) वा अक्सिजन प्लान्ट तालिम प्राप्त |
| २ | सिलिन्डर ढुवानी सवारी चालक | श्रेणीविहीन / करार | १ | सवारी चालक अनुमतिपत्र (हेभी/लाइट) प्राप्त, कम्तीमा ३ वर्ष ग्यास ढुवानी अनुभव |
| ३ | सिलिन्डर लोडर तथा सहयोगी | श्रेणीविहीन / करार | २ | साधारण लेखपढ, शारीरिक रूपमा तन्दुरुस्त, सिलिन्डर ह्याण्डलिङ ज्ञान भएको |
| ४ | सुरक्षा गार्ड तथा सरसफाइकर्मी | श्रेणीविहीन / करार | १ | सुरक्षा तथा प्राथमिक उपचार सम्बन्धी सामान्य ज्ञान भएको |

स्पष्टीकरण : हाल प्लान्टमा १ जना तालिमप्राप्त कर्मचारी कार्यरत रहेकोमा प्लान्टलाई पूर्ण क्षमतामा चलाउन थप १ देखि २ जना जनशक्ति तत्काल पदपूर्ति वा काज खटाइनेछ ।

९. **कर्मचारीको पदपूर्ति र परिचालन :**

(१) अक्सिजन प्लान्टमा आवश्यक पर्ने जनशक्ति नगरपालिकाको मौजुदा स्थायी जनशक्तिबाट काज/पदस्थापन गरी वा प्रचलित सार्वजनिक खरिद तथा स्थानीय तह करार जनशक्ति व्यवस्थापन कार्यविधि बमोजिम खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गरिनेछ ।

(२) प्लान्टलाई सिफ्ट अनुसार सञ्चालन गर्न दैनिक कार्य समयलाई २ सिफ्टमा विभाजन गरी अपरेटर तथा सहयोगी कर्मचारी परिचालन गरिनेछ ।

**१०. कर्मचारीको काम, कर्तव्य र उत्तरदायित्व :**

(१) अस्पताल संयोजक : प्लान्टको दैनिक प्रशासनिक तथा प्राविधिक व्यवस्थापन, उत्पादन तालिका निर्माण, सिलिन्डर मौज्दात व्यवस्थापन, बिलिङ तथा राजस्व दाखिला समन्वय, मर्मत सम्भारको अग्रिम योजना, गुणस्तर अनुगमन र समितिलाई मासिक प्रतिवेदन पेश गर्ने ।

(२) प्राविधिक/प्लान्ट अपरेटर : प्लान्ट मेसिनरीको स्टार्ट/स्टप, प्रेसर, टेम्परेचर, अक्सिजन प्यूरिटी मनिटरिङ, सिलिन्डर रिफिलिङ, कम्प्रेसर र ड्रायरको नियमित जाँच, दैनिक लगबुक अद्यावधिक गर्ने ।

(३) सवारी चालक : नगर अस्पताल तथा G2G/G2P ग्राहकहरूलाई तोकिएको समय तालिका अनुसार सुरक्षित रूपमा सिलिन्डर ओसारपसार गर्ने, सवारी साधनको दैनिक मर्मत र सुरक्षा जाँच गर्ने ।

(४) सिलिन्डर लोडर तथा सहयोगी : सिलिन्डरको लोड/अनलोड, मनिफोल्डमा सिलिन्डर जडान तथा विच्छेद, सिलिन्डरको सरसफाइ, लिकेज जाँच र प्लान्ट परिसरको सुरक्षा सहयोग गर्ने ।

## परिच्छेद-५ : प्लान्ट सञ्चालन, मर्मत सम्भार तथा ऊर्जा व्यवस्थापन

**११. प्राविधिक सञ्चालन विधि र लगबुक (Logbook) :**

(१) प्लान्ट सञ्चालन निर्माता कम्पनीद्वारा निर्धारित मानक सञ्चालन प्रक्रिया (SOP) अनुसार गरिनेछ । प्लान्टको प्रति घण्टा ५ वटा र दैनिक १०० देखि १५० वटासम्म सिलिन्डर भर्ने क्षमतालाई नियमित विद्युत आपूर्ति कायम गरी अधिकतम उपयोग गरिनेछ ।

(२) प्रत्येक सिफ्टमा कार्यरत अपरेटरले अक्सिजन शुद्धता (Purity %), उत्पादन प्रेसर (Bar/PSI), हावा कम्प्रेसरको तापक्रम, एयर ड्रायरको शीतलता (Dew Point), भोल्टेज, कुल चलेको घण्टा (Running Hours) तथा रिफिल गरिएका सिलिन्डरको संख्या अनुसूची-४ बमोजिमको लगबुकमा अनिवार्य दर्ता गरी हस्ताक्षर गर्नुपर्नेछ ।

**१२. नियमित निवारक मर्मत सम्भार (Preventive Maintenance) :**

(१) प्लान्टको एयर कम्प्रेसर, एयर ट्याङ्क, ड्रायर, फिल्टरहरू (Pre-filter, Micro-filter, Carbon filter), PSA अक्सिजन जेनेरेटर, अक्सिजन बुस्टर र मनिफोल्डको दैनिक, साप्ताहिक, मासिक तथा अर्धवार्षिक तालिका बनाई निवारक मर्मत सम्भार गरिनेछ ।

(२) अक्सिजन प्लान्ट व्यावसायिक रूपमा सञ्चालन गर्दा पहिलो वर्षमा पुरानो भएको सिलिन्डर फिलिङ पाइप (Filling Pigtails/Manifold Pipes) फेर्न तथा आकस्मिक मर्मतका लागि लगत अनुमानका आधारमा बजेट विनियोजन गरिनेछ।

**१३. विद्युत तथा वैकल्पिक ऊर्जा व्यवस्था :**

(१) प्लान्ट सञ्चालन हुँदा प्रति घण्टा करिब १०५ युनिट विद्युत खपत हुने र भोल्टेज उतारचढावले उत्पादनमा अवरोध पुग्ने जोखिम भएकोले नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी डेडिकेटेड फिडर वा पर्याप्त क्षमताको ट्रान्सफर्मर/भोल्टेज रेगुलेटरको व्यवस्था गरिनेछ।

(२) राष्ट्रिय प्रसारण लाइन अवरुद्ध भएको अवस्थामा प्लान्ट तत्काल सुचारु गर्न आवश्यक क्षमताको स्वचालित डिजेल जेनेरेटर (DG Set) चालु अवस्थामा राखिनेछ। जेनेरेटरका लागि कम्तीमा ३ दिन पुग्ने डिजेल इन्धनको सुरक्षित भण्डारण गरिनेछ।

## परिच्छेद-६ : अक्सिजन उत्पादन, गुणस्तर नियन्त्रण र सुरक्षा मापदण्ड

**१४. अक्सिजन गुणस्तर तथा शुद्धता मापदण्ड :**

(१) प्लान्टबाट उत्पादित अक्सिजन औषधि व्यवस्था विभाग तथा विश्व स्वास्थ्य संगठन (WHO) द्वारा तोकिएको मेडिकल अक्सिजनको मापदण्ड ९३% (±३%) शुद्धता अनिवार्य रूपमा कायम हुनुपर्नेछ।

(२) उत्पादनको क्रममा अक्सिजन शुद्धता ९०% भन्दा तल झरेमा स्वचालित रूपमा अलार्म बज्ने तथा भेन्टिङ (डम्प) भल्भ खुलेर कम शुद्धताको ग्यास सिलिन्डरमा जान नदिने प्रणाली क्रियाशील राखिनेछ।

**१५. अग्नि नियन्त्रण तथा औद्योगिक सुरक्षा मापदण्ड :**

(१) अक्सिजन प्लान्ट तथा सिलिन्डर भण्डारण कक्ष पूर्ण रूपमा 'धुम्रपान तथा प्रज्वलनशील पदार्थ निषेधित क्षेत्र' (No Smoking Zone) हुनेछ। बाहिरी अत्यधिक तापक्रमले प्लान्टमा असर नपुगोस् भन्नाका खातिर भेन्टिलेसन र कुलिङ प्रणाली प्रभावकारी राखिनेछ।

(२) प्लान्ट परिसरमा पर्याप्त संख्यामा CO2 तथा ड्राई केमिकल पाउडर (DCP) अग्निनियन्त्रक यन्त्रहरू राखिनेछ र तिनको नियमित रिफिलिङ गरिनेछ।

(३) प्लान्ट भवनमा उच्च गुणस्तरको अर्थिङ तथा चट्याङ प्रतिरोधी यन्त्र (Lightning Arrester) जडान गरिनेछ।

(४) अक्सिजन सिलिन्डर, भल्भ, गेज वा पाइपलाइनमा कुनै पनि किसिमको तेल, ग्रीज वा पेट्रोलियमजन्य लुब्रिकेन्टको सम्पर्क पूर्णतया निषेध गरिनेछ।

**१६. व्यक्तिगत सुरक्षा उपकरण (PPE) को प्रयोग :**

प्लान्टमा काम गर्ने प्राविधिक, अपरेटर तथा लोडरहरूले कार्य समयमा सेफ्टी हेल्मेट, सेफ्टी जुत्ता (Steel-toe shoes), हेभी ड्युटी ग्यास ह्याण्डलिङ पन्जा, आँखा सुरक्षा चश्मा र कानको सुरक्षा उपकरण (Ear Muffs) अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ। नगरपालिकाले यी सुरक्षा सामग्रीहरू निःशुल्क उपलब्ध गराउनेछ।

**परिच्छेद-७ : अक्सिजन सिलिन्डर व्यवस्थापन, ढुवानी तथा सुरक्षा धरौटी**

**१७. सिलिन्डरको स्वामित्व, पहिचान, स्टिकर तथा ब्राण्डिङ :**

(१) नगरपालिकाको स्वामित्वमा रहेका सम्पूर्ण सिलिन्डरहरू (हाल मौजुदा साना ५ थान, ठूला ३० थान तथा पछि खरिद हुने सिलिन्डरहरू) मा 'वीरेन्द्रनगर नगरपालिका' र विशिष्ट दर्ता नम्बर अनिवार्य अङ्कित गरिनेछ।

(२) नगरपालिकाले प्रत्येक अक्सिजन सिलिन्डरमा टाँस्नका लागि उच्च गुणस्तरको विशेष 'वाटरप्रूफ तथा रिफ्लेक्टिभ ब्राण्डिङ स्टिकर' छापी प्रयोगमा ल्याउनेछ। उक्त स्टिकरमा वीरेन्द्रनगर नगरपालिकाको लोगो, नाम, २४ घण्टे आपतकालीन हेल्पलाइन नम्बर, अक्सिजन शुद्धता (९३%±३%), सिलिन्डर दर्ता नम्बर र आवश्यक सुरक्षा सावधानी स्पष्ट रूपमा उल्लेख हुनेछ।

(३) मेडिकल अक्सिजन सिलिन्डरको रङ नेपाल सरकारको राष्ट्रिय मापदण्ड बमोजिम कायम गरिनेछ।

(४) प्रत्येक सिलिन्डरको क्षमता (४७ लिटर - जम्बो, वा १० लिटर - सानो), निर्माता कम्पनी, खाली तौल (Tare Weight), हाइड्रो-टेस्ट मिति र वर्तमान अवस्था स्पष्ट देखिने जिन्सी अभिलेख पुस्तिकामा अद्यावधिक राखिनेछ।

**१८. सिलिन्डरको सुरक्षा जाँच तथा हाइड्रो-टेस्टिङ (Hydro-testing) :**

(१) भर्नु अगाडि प्रत्येक सिलिन्डरको बाहिरी सतह, भल्भ, स्पिण्डल र थ्रेडको प्राविधिक जाँच गरिनेछ। कुच्चिएको, फुटेको वा अत्यधिक खिया लागेको सिलिन्डरमा ग्यास भरिने छैन।

(२) प्रत्येक ५ वर्षमा सिलिन्डरको अनिवार्य हाइड्रोस्टेटिक प्रेसर टेस्ट (Hydro-testing) आधिकारिक परीक्षण केन्द्रबाट गराई प्रमाणीकरण प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ। परीक्षण म्याद नाघेका सिलिन्डरमा रिफिलिङ गर्न पाइने छैन।

**१९. सिलिन्डर ढुवानी तथा सवारी साधन व्यवस्था :**

(१) अक्सिजन सिलिन्डर ओसारपसार गर्न नगरपालिकाले आफ्नै ढुवानी सवारी साधन परिचालन गर्नेछ।

(२) कर्णाली प्रदेश अस्पताललाई सम्झौता बमोजिम अस्पताल परिसरमै सिलिन्डर पुर्याउने गरी नगरपालिकाले ढुवानीको व्यवस्था मिलाउनेछ।

(३) निजी अस्पताल तथा अन्य सेवाग्राहीले नगरपालिकाको ढुवानी सवारी साधन प्रयोग गरेमा बजार अभ्यास अनुसार प्रति सिलिन्डर रु. १००/- (एक सय रुपैयाँ) ढुवानी सेवा शुल्क तिर्नुपर्नेछ वा आफ्नै सुरक्षित साधनबाट सिलिन्डर लैजान सक्नेछन्।

(४) सिलिन्डर ढुवानी गर्दा चेन वा सेफ्टी बेल्टले बाँधेर तथा भल्भ क्याप अनिवार्य लगाएर मात्र ढुवानी गरिनेछ। सवारी साधनमा खतरा संकेत (Class 2.2 Non-flammable Compressed Gas) र अग्निनियन्त्रक यन्त्र अनिवार्य राखिनेछ।

**२०. सिलिन्डर सुरक्षा धरौटी (Caution Deposit) सम्बन्धी व्यवस्था :**

(१) G2P (निजी अस्पताल, नर्सिङ होम वा व्यक्तिगत ग्राहक) ले नगरपालिकाको सिलिन्डर नै लैजान चाहेमा सिलिन्डरको बजार मूल्य अनुसार ठूलो (जम्बो) सिलिन्डरका लागि प्रति सिलिन्डर रु. २५,०००/- (पच्चीस हजार रुपैयाँ) र सानो सिलिन्डरका लागि प्रति सिलिन्डर रु. १२,०००/- (बाह्र हजार रुपैयाँ) सुरक्षा धरौटी रकम नगरपालिकाको धरौटी खातामा अग्रिम जम्मा गर्नुपर्नेछ।

(२) ग्राहकले आफ्नै सिलिन्डर ल्याई ग्यास मात्र भर्न (Refill) लगेमा कुनै धरौटी लाग्ने छैन।

(३) नगरपालिकाको सिलिन्डर लगेको मितिले बढीमा १५ दिनभित्र सुरक्षित रूपमा खाली सिलिन्डर फिर्ता गरेमा धरौटी रकम शतप्रतिशत फिर्ता गरिनेछ।

(४) सिलिन्डर तोकिएको समयभन्दा बढी होल्ड गरेमा प्रतिदिन प्रति सिलिन्डर ५०/- (पचास रुपैयाँ) का दरले विलम्ब शुल्क (Holding Charge) धरौटीबाट कट्टी गरिनेछ।

(५) सिलिन्डर हराएमा, नष्ट भएमा वा मर्मत हुन नसक्ने गरी बिग्रिएमा धरौटी रकम जफत गरी प्रचलित बजार मूल्य अनुसारको नयाँ सिलिन्डरको क्षतिपूर्ति असुल गरिनेछ।

## परिच्छेद-८ : अक्सिजन बिक्री वितरण, आपूर्ति प्रणाली तथा मूल्य निर्धारण

**२१. नगर अस्पतालको आन्तरिक आपूर्ति प्रणाली :**

(१) वीरेन्द्रनगर नगर अस्पताललाई आवश्यक पर्ने अक्सिजन प्लान्टबाट सिधै पाइपलाइन (MGPS) मार्फत वा सिलिन्डरद्वारा चौबीसै घण्टा निःशुल्क/आन्तरिक लागत समायोजनमा प्राथमिकताका साथ उपलब्ध गराइनेछ।

(२) नगर अस्पतालका जिन्सी शाखाले मासिक रूपमा खपत भएको अक्सिजन सिलिन्डरको परिमाण प्रमाणित गरी प्लान्ट शाखासँग दोहोरो मिलान गर्नुपर्नेछ।

**२२. G2G (सरकारी अस्पताल तथा निकाय) आपूर्ति प्रक्रिया तथा सम्झौता :**

(१) कर्णाली प्रदेश अस्पताल सुर्खेत, जिल्ला अस्पतालहरू, नेपाली सेना/नेपाल प्रहरी अस्पताल तथा प्रदेश भित्रका अन्य स्थानीय तहका अस्पतालहरूसँग अनुसूची-२ बमोजिमको द्विपक्षीय अक्सिजन आपूर्ति सम्झौता (MoU/Agreement) गरिनेछ।

(२) कर्णाली प्रदेश अस्पताललाई सहुलियत दर प्रति ठूलो सिलिन्डर रु. ६००/- र सानो सिलिन्डर रु ३००/- मा अस्पतालसम्म ढुवानी सहित आपूर्ति गरिनेछ।

(३) G2G तर्फको भुक्तानी बिलिङका आधारमा सम्बन्धित अस्पताल वा निकायले सम्झौता बमोजिम नगरपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्नेछ।

**२३. G2P (निजी अस्पताल तथा अन्य सेवाग्राही) बिक्री वितरण प्रक्रिया :**

(१) वीरेन्द्रनगरमा सञ्चालित निजी अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक तथा अन्य सेवाग्राहीहरूलाई बजारको फुटकर मूल्य भन्दा सुलभ हुने गरी ठूलो सिलिन्डर रिफिल रु. ८००/- र सानो सिलिन्डर रिफिल रु. ४००/- दरमा बिक्री वितरण गरिनेछ।

(२) G2P बिक्री पूर्ण रूपमा नगद वा बैंकिङ क्युआर/अग्रिम भुक्तानीका आधारमा मात्र गरिनेछ। कुनै पनि निजी संस्थालाई उधारोमा अक्सिजन दिइने छैन।

(३) निजी संस्थाले न्यूनतम खरिद परिमाण र सिलिन्डर फिर्ता गर्ने समयसीमाको पालना अनिवार्य गर्नुपर्नेछ।

**२४. अक्सिजनको मूल्य (दररेट) निर्धारण तथा पुनरावलोकन :**

(१) अक्सिजनको बिक्री दररेट निर्धारण गर्दा देहायका लागत तत्वहरूलाई आधार मानिनेछ :

(क) विद्युत खपत लागत (१०५ युनिट/घण्टा) र जेनेरेटर इन्धन खर्च,

(ख) प्राविधिक तथा सहयोगी कर्मचारीको पारिश्रमिक तथा सुविधा,

(ग) प्लान्ट मेसिनरीको ह्रासकट्टी, फिलिङ पाइप तथा स्पेयर पार्ट्स मर्मत खर्च,

(घ) सिलिन्डर मर्मत, हाइड्रो-टेस्टिङ तथा ढुवानी खर्च,

(ङ) निजी बजारमा प्रचलित दररेट र नगरपालिकाको सेवामुखी चरित्र।

(२) अध्ययन प्रतिवेदनका आधारमा यस कार्यविधि प्रारम्भ हुँदाको प्रारम्भिक दररेट अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ। समितिले प्रत्येक आर्थिक वर्षको प्रारम्भमा दररेट पुनरावलोकन गरी कार्यपालिकामा सिफारिस गर्नेछ।

**२५. विपन्न तथा दीर्घरोगी नागरिकलाई सहुलियत :**

(१) वीरेन्द्रनगर नगरपालिकाभित्रका स्थायी बासिन्दा रहेका दम, क्यान्सर वा मुटुरोग लगायतका कारण घरमै अक्सिजन थेरापी लिनुपर्ने विपन्न नागरिकलाई वडा

कार्यालयको सिफारिस र नगर प्रमुखको तोक आदेशको आधारमा लागत मूल्यमा ५० प्रतिशतसम्म सहुलियत छुटमा वा पूर्ण रुपमा निशुल्क रुपमा अक्सिजन उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-९ : आर्थिक व्यवस्थापन, लेखा तथा आम्दानी दाखिला

**२६. राजस्व संकलन तथा दाखिला प्रणाली :**

(१) अक्सिजन बिक्री तथा ढुवानी सेवाबाट प्राप्त हुने सम्पूर्ण रकम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरिनेछ।

(२) प्रत्येक बिक्री कारोबारको नगरपालिकाको आधिकारिक राजस्व सफ्टवेयरबाट कम्प्युटर बिल वा तोकिएको आधिकारिक रसिद जारी गरिनेछ।

(३) नगद प्राप्त भएमा २४ घण्टाभित्र नगरपालिकाको खातामा दाखिला गर्नुपर्नेछ।

**२७. खर्च व्यवस्थापन तथा लेखांकन :**

(१) अक्सिजन प्लान्ट सञ्चालन, विद्युत महसुल, डिजेल इन्धन, कर्मचारी पारिश्रमिक तथा मर्मत सम्भारको सम्पूर्ण खर्च नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा मर्मत कोषबाट सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गरिनेछ।

## परिच्छेद-१० : विपद् तथा आपतकालीन व्यवस्थापन

**२८. आपतकालीन अक्सिजन मौज्दात :**

(१) कुनै पनि समयमा प्लान्ट आकस्मिक बन्द भएमा वा प्राविधिक समस्या आएमा नगर अस्पतालमा अक्सिजन अभाव हुन नदिन कम्तीमा १०० (एक सय) थान ठूला (जम्बो) अक्सिजन सिलिन्डर पूर्ण रूपमा भरेर आकस्मिक मौज्दात (Buffer Stock) को रूपमा सुरक्षित राखिनेछ।

(२) बफर स्टकमा रहेका सिलिन्डरहरू ग्यास पुरानो नहोस् भन्नाका खातिर नियमित रूपमा 'पहिले भरिएको पहिले प्रयोग गर्ने' (First-In, First-Out - FIFO) विधिबाट चक्रीय रूपमा परिचालन गरिनेछ।

**२९. महामारी तथा विपद्को समयमा विशेष परिचालन :**

(१) संक्रामक महामारी, प्राकृतिक विपद् वा स्वास्थ्य संकटकाल घोषणा भएको अवस्थामा प्लान्टबाट उत्पादित १०० प्रतिशत अक्सिजन कार्यपालिका वा नगर विपद् व्यवस्थापन समितिको नियन्त्रणमा रहनेछ।

(२) यस्तो संकटकालीन अवस्थामा निजी वा अन्य प्रयोजनका सबै सम्झौताहरू स्वतः स्थगित भई केवल जीवन रक्षा तथा सरकारी स्वास्थ्य संस्थाहरूमा मात्र अक्सिजन केन्द्रित गरिनेछ।

## परिच्छेद-११ : विविध तथा अन्य व्यवस्था

**३०. अनुगमन, निरीक्षण तथा मासिक प्रतिवेदन :**

(१) नगर उप-प्रमुखको संयोजकत्वमा रहेको नगरपालिकाको अनुगमन समिति तथा यस कार्यविधिको दफा ५ बमोजिमको समितिले प्लान्टको स्थलगत निरीक्षण गर्नेछ।

(२) प्लान्ट इन्चार्जले प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र कुल उत्पादन, बिक्री परिमाण, आम्दानी, विद्युत/इन्धन खपत, मर्मत विवरण र मौज्दात खुलाई मासिक कार्य प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

**३१. कार्य सञ्चालन निर्देशिका वा मापदण्ड बनाउन सक्ने :**

यो कार्यविधि कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक निर्देशिका, सुरक्षा कार्यविधि (SOP) तथा सिलिन्डर वितरण तालिका समितिले बनाई लागू गर्न सक्नेछ।

**३२. बाधा अड्काउ फुकाउने :**

यस कार्यविधिको व्याख्या गर्ने वा कार्यान्वयनमा कुनै द्विविधा वा बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**३३. कार्यविधि संशोधन तथा कार्यान्वयन :**

(१) यस कार्यविधिमा कुनै संशोधन वा परिमार्जन गर्नुपरेमा नगर कार्यपालिकाको निर्णयबाट संशोधन गर्न सकिनेछ।

(२) यो कार्यविधिको प्रभावकारी कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी पालिकाको हुनेछ।

## अनुसूची-१ : अक्सिजन बिक्री दररेट, सेवा महसुल तथा धरौटी सम्बन्धी विवरण

*(कार्यविधिको दफा २४, २५, २७, २८ र २९ सँग सम्बन्धित)*

| क्र. सं. | विवरण (अक्सिजन सिलिन्डरको आकार) | G2G दररेट (सरकारी अस्पताल/ निकाय) रु. | G2P दररेट (निजी क्षेत्र/ अस्पताल) रु. | सिलिन्डर सुरक्षा धरौटी (प्रति सिलिन्डर बजार मूल्य) रु. |
|---|---|---|---|---|
| १ | ठूलो / जम्बो सिलिन्डर (४०-४७ लिटर / ६-७ घनमिटर) | रु. ६००/- (ढुवानी सहित) | रु. ८००/- | रु. २५,०००/- |
| २ | मध्यम सिलिन्डर (२०-२५ लिटर क्षमता) | रु. ४००/- | रु. ५००/- | रु. १८,०००/- |
| ३ | सानो सिलिन्डर (१०-१२ लिटर / १.५ घनमिटर) | रु. ३००/- | रु. ४००/- | रु. १२,०००/- |
| ४ | ढुवानी सेवा महसुल (वीरेन्द्रनगर उपत्यकाभित्र) | निःशुल्क (नगर अस्पताल र प्रदेश अस्पताल सम्झौता अनुसार) | रु. १००/- प्रति सिलिन्डर (निजीले पालिकाको सवारी प्रयोग गरेमा) | - |

**द्रष्टव्य :**

१. वीरेन्द्रनगर नगर अस्पतालको लागि अक्सिजन पूर्णतः निःशुल्क वा आन्तरिक लागत समायोजनमा उपलब्ध हुनेछ।

२. उल्लिखित दररेट वीरेन्द्रनगर नगरपालिकाको 'अक्सिजन प्लान्ट व्यावसायिक सञ्चालन अध्ययन प्रतिवेदन, २०८३' को आधारमा कायम गरिएको प्रारम्भिक दररेट हो। कार्यपालिकाले विद्युत महसुल र लागत विश्लेषण गरी आवश्यकता अनुसार पुनरावलोकन गर्न सक्नेछ।

३. सिलिन्डर सुरक्षा धरौटी रकम ग्राहकले नगरपालिकाको सिलिन्डर नै लैजाँदा मात्र लाग्नेछ। ग्राहकको आफ्नै सिलिन्डर भएमा रिफिलिङ गर्दा कुनै धरौटी लाग्ने छैन। सिलिन्डर सद्दे अवस्थामा १५ दिनभित्र फिर्ता गरेमा धरौटी रकम शतप्रतिशत फिर्ता हुनेछ।

## अनुसूची-२ : G2G / G2P अक्सिजन आपूर्ति सम्झौताको ढाँचा
*(कार्यविधिको दफा २७ र २८ सँग सम्बन्धित)*

प्रथम पक्ष : वीरेन्द्रनगर नगरपालिका, नगर अस्पताल/अक्सिजन प्लान्ट, सुर्खेत (यसपछि 'प्रथम पक्ष' भनिएको)

दोस्रो पक्ष : ...................................अस्पताल/संस्था (यसपछि 'दोस्रो पक्ष' भनिएको)

दुवै पक्षबीच आवश्यक मेडिकल अक्सिजन आपूर्ति तथा व्यवस्थापनका लागि देहायका सर्तहरूको अधीनमा रही मिति २०८...../...../..... मा यो सम्झौता सम्पन्न भएको छ :

**सम्झौताका मुख्य सर्तहरू :**

१. प्रथम पक्षले आफ्नो उत्पादन तथा उपलब्ध मौज्दातको आधारमा दोस्रो पक्षलाई नेपाल सरकारको मापदण्ड बमोजिम ९३% (±३%) शुद्धताको मेडिकल अक्सिजन उपलब्ध गराउनेछ।

२. अक्सिजनको आपूर्ति दोस्रो पक्षको मागपत्र/अर्डर (लिखित पत्र, आधिकारिक इमेल वा स्वीकृत डिजिटल माध्यम) तथा उपलब्धताको आधारमा गरिनेछ।

३. अक्सिजनको मूल्य वीरेन्द्रनगर नगरपालिकाबाट स्वीकृत दररेट अनुसार हुनेछ।

४. भुक्तानी प्रणाली :

(क) सरकारी अस्पताल (G2G) को हकमा प्रथम पक्षले सम्झौता अनुसार नगरपालिकाको राजस्व खातामा भुक्तानी दाखिला गर्नुपर्नेछ।

(ख) निजी स्वास्थ्य संस्था (G2P) को हकमा ग्यास लिनुपूर्व विद्युतीय भुक्तानी वा बैंक भौचर मार्फत शतप्रतिशत अग्रिम भुक्तानी गर्नुपर्नेछ।

५. सिलिन्डर सुरक्षा र फिर्ता : अक्सिजन आपूर्ति गर्दा प्रयोग हुने सिलिन्डर प्रथम पक्षको भएमा दोस्रो पक्षले सुरक्षित रूपमा प्रयोग गरी १५ दिनभित्र फिर्ता गर्नुपर्नेछ। सिलिन्डर बुझिलिँदा नम्बर, क्षमता तथा अवस्था दुवै पक्षको चलानमा उल्लेख गरिनेछ। सिलिन्डर क्षति भएमा वा हराएमा त्यसको पूर्ण दायित्व दोस्रो पक्षको हुनेछ।

६. ढुवानी व्यवस्था : सरकारी अस्पताल (कर्णाली प्रदेश अस्पताल) को हकमा सम्झौता बमोजिम अस्पतालसम्मै ढुवानी गर्ने जिम्मेवारी प्रथम पक्षको हुनेछ। निजी संस्थाले नगरपालिकाको सवारी प्रयोग गरेमा तोकिएको प्रति सिलिन्डर रु. १००/- ढुवानी शुल्क तिर्नुपर्नेछ।

७. यो सम्झौताको अवधि मिति २०८...../...../..... देखि २०८...../...../..... सम्म (१ वर्ष) को हुनेछ।

**प्रथम पक्षको तर्फबाट :**

हस्ताक्षर : ..............................

नाम : ..............................

पद : ..............................

कार्यालयको छाप :

**दोस्रो पक्षको तर्फबाट :**

हस्ताक्षर : ..............................

नाम : ..............................

पद : ..............................

संस्थाको छाप :

## अनुसूची-३ : अक्सिजन सिलिन्डर माग, निकासी तथा दाखिला चलान फाराम

*(कार्यविधिको दफा २२, २४ र २७ सँग सम्बन्धित)*

चलान नं. : ........................ मिति : २०८...../...../.....

ग्राहक/संस्थाको नाम : ..........................................सम्पर्क नं. : ....................

ग्राहकको प्रकार : [ ] नगर अस्पताल [ ] सरकारी (G2G)

[ ] निजी स्वास्थ्य संस्था (G2P) [ ] व्यक्तिगत

सवारी साधन नं. : ........................... चालकको नाम : ..................................

| क्र.स. | सिलिन्डर विवरण / साइज | सिलिन्डर नम्बरहरू (Serial No.) | निकासी परिमाण (थान) | दाखिला/फिर्ता (थान) | कैफियत / अवस्था |
|---|---|---|---|---|---|
| १ | ठूलो / जम्बो सिलिन्डर (४७ लिटर) | | | | |
| २ | मध्यम सिलिन्डर (२५ लिटर) | | | | |
| ३ | सानो सिलिन्डर (१० लिटर) | | | | |
| ४ | जम्मा कुल सिलिन्डर संख्या | | | | |

राजस्व / भुक्तानी विवरण :

रसिद नं. / भौचर नं. : .................................. कुल रकम रु. : ..................................

(अक्षरेपी ..................................................)

**बुझिलिने (ग्राहक/चालक) :**

दस्तखत : ...............................

नाम : .....................................

**बुझाउने (प्लान्ट अपरेटर/स्टोर) :**

दस्तखत : ...............................

नाम : .....................................

## अनुसूची-४ : अक्सिजन प्लान्ट दैनिक उत्पादन, गुणस्तर तथा प्राविधिक लगबुक ढाँचा

(कार्यविधिको दफा १२ र १८ सँग सम्बन्धित)

मिति : २०८...../...../.....

वार : ..............................

| सिफ्ट | समय | अक्सिजन शुद्धता (%) | उत्पादन प्रेसर (Bar) | कम्प्रेसर तापक्रम (°C) | ड्रायर Dew Point (°C) | भोल्टेज (V) | उत्पादित सिलिन्डर (थान) | अपरेटरको नाम र दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| सिफ्ट १ (बिहान ६ - दिउँसो २) | ०८:०० | ९४.२% | १५० Bar | ७५°C | +२°C | ४०० V | १५ | |
| सिफ्ट १ (बिहान ६ - दिउँसो २) | १२:०० | ९३.८% | १५० Bar | ७८°C | +३°C | ३९५ V | १८ | |
| सिफ्ट २ (दिउँसो २ - राति १०) | १६:०० | ९४.०% | १५० Bar | ७७°C | +२°C | ४०० V | १६ | |
| सिफ्ट २ (दिउँसो २ - राति १०) | २०:०० | ९३.५% | १४५ Bar | ७४°C | +३°C | ४०५ V | १५ | |
| सिफ्ट ३ (राति १० - बिहान ६) | २४:०० | ९४.१% | १५० Bar | ७१°C | +२°C | ४१० V | १४ | |
| सिफ्ट ३ (राति १० - बिहान ६) | ०४:०० | ९४.३% | १५० Bar | ६९°C | +२°C | ४१० V | १४ | |
| दैनिक जम्मा कुल सिलिन्डर | - | - | - | - | - | - | ९२ थान | - |

दैनिक मर्मत सम्भार तथा अन्य टिप्पणी : ..................................................................................

जेनेरेटर सञ्चालन अवधि : ..................... घण्टा, डिजेल खपत : ..................... लिटर।

प्लान्ट इन्चार्जको दस्तखत : ........................................मिति : ..............................

आज्ञाले,

**धिरेन्द्र प्रसाद शर्मा**

नि. प्रमुख प्रशासकीय अधिकृत